## गण्डकी प्रदेश

# महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन पेस भएको सन्दर्भमा प्रेस नोट

यस कार्यक्रममा उपस्थित सञ्चारकर्मी साथीहरू,
कार्यालयका कर्मचारीहरू तथा उपस्थित महानुभावहरू,

मिति २०८१ ज्येष्ठ १३ गते आइतबार नेपालका महालेखापरीक्षकले आर्थिक वर्ष २०७९।८० को सबै सरकारी कार्यालय, संगठित संस्था, अन्य संस्था तथा समिति र स्थानीय तहको लेखापरीक्षण सम्पन्न ६१ औं वार्षिक प्रतिवेदन नेपालको संविधानको धारा २९४(१) बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष पेश गर्नु भएको छ ।

नेपालको संविधानको धारा २९४ (३) बमोजिम प्रदेशको काम कारवाहीका सम्बन्धमा ७ वटै प्रदेशको अलग अलग प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गर्नसक्ने व्यवस्था रहेको छ। सोहि व्यवस्था बमोजिम महालेखापरीक्षकको तर्फबाट गण्डकी प्रदेश अन्तर्गतका सरकारी निकाय र समिति तथा अन्य संस्थाहरुको लेखापरीक्षण सम्पन्न गरी छैटौं वार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुख समक्ष पेश गरिएको छ ।

छैटौं वार्षिक प्रतिवेदनमा ५ परिच्छेद रहेका छन्। जसमा लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएको बेरुजु स्थिति, लेखापरीक्षणबाट देखिएको समष्टिगत स्थिति, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र भविष्यमा गर्नुपर्ने सुधारलाई समावेश गरिएको छ।

आर्थिक वर्ष २०७९/८० को प्रदेश मन्त्रालय तथा निकायहरूको लेखापरीक्षण गर्ने सन्दर्भमा वार्षिक लेखापरीक्षण योजना, निकायगत एवं कार्यालयगत लेखापरीक्षण योजना तर्जुमा गरी कार्यालयहरूको जोखिम विश्लेषण गरिएको छ । सो अनुसार उच्च र न्यून जोखिममा वर्गीकरण गरी विद्युतीय प्रणालीको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गर्दा उच्च जोखिम भएका कार्यालयको स्थलगत रूपमा गरिएको छ भने न्यून जोखिम भएका कार्यालयको दूर लेखापरीक्षण विधिबाट सम्पन्न गरिएको छ ।

लेखापरीक्षण ऐन, २०७५ मा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्ने कानुनी व्यवस्था छ । सो व्यवस्था अनुसार प्रदेशका निकायहरूको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षणमा उल्लेख गरेका प्रमुख ब्यहोराहरू निम्नानुसार छन्ः

१. **समष्टिगत लेखापरीक्षण** - यो वर्ष प्रदेश मन्त्रालय तथा निकाय समेत १९५ को रू. ३७ अर्ब २४ करोड ८२ लाख ९८ हजार र २० समिति र अन्य संस्थाको रू.३ अर्ब ९२ करोड ७१ लाख ९८ हजारसमेत रू. ४१ अर्ब १७ करोड ५४ लाख ९६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

| क्र.सं. | लेखापरीक्षण गरिएका निकाय र विषय | संख्या | रकम (रू.हजारमा) |
|---|---|---|---|
| १. | प्रदेश मन्त्रालय तथा निकाय | १९५ | ३७२४८२९८ |
| २. | समिति तथा अन्य संस्था | २० | ३९२७१९८ |
| | जम्मा | २१५ | ४११७५४९६ |

१.१. **प्रदेश मन्त्रालय तथा निकाय** - यो वर्ष १९५ सरकारी निकायको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न गरिएको छः

| क्र. सं. | कारोबार | लेखापरीक्षण सम्पन्न रकम (रू.हजारमा) |
|---|---|---|
| १. | विनियोजन खर्च | २३६१४४५४ |
| २. | राजस्व | ९८७७४३५ |
| ३. | धरौटी | २०६३०२० |
| ४. | अन्य कारोबार | १६९३३८९ |
| | जम्मा | ३७२४८२९८ |

१.२. **समिति तथा अन्य संस्था -** यो वर्ष २० समिति र अन्य संस्थाको रू. ३ अर्व ९२ करोड ७१ लाख ९८ हजारको लेखापरीक्षण गरिएको छ । विस्तृत विवरण अनुसूची-४ मा उल्लेख छ ।

२. **बेरुजु -** प्रदेशको सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको यो वर्ष (२०७९।८०) फर्स्यौट गर्नुपर्ने बेरुजु निम्नानुसार रू.८० करोड १६ लाख ८२ हजार रहेको छ । बेरुजु वर्गिकरण निम्नानुसार छ ।

(रकम रु. हजारमा)

| वर्गीकरण | सरकारी कार्यालय | समिति तथा अन्य संस्था | जम्मा | कुल बेरुजुको प्रतिशत |
|---|---|---|---|---|
| जम्मा बेरुजु | ७००१८२ | १०१५०० | ८०१६८२ | १००.०० |
| १. असुल गर्नुपर्ने | २१९२६३ | २६४१८ | २४५६८१ | ३०.६६ |
| २. नियमित गर्नुपर्ने | ३५६९३२ | ७४९६६ | ४३१८९८ | ५३.८७ |
| • अनियमित भएको | १८८१२२ | ४०४९५ | २२८६१७ | २८.५२ |
| • प्रमाण कागजात पेश नभएको | १६८८१० | ३४४७१ | २०३२८१ | २५.३६ |
| • शोधभर्ना नलिएको | ० | ० | ० | ०.०० |
| ३. पेश्की | १२३९८७ | ११६ | १२४१०३ | १५.४८ |

३. **लेखापरीक्षण अङ्कमा बेरुजु -** यो वर्ष प्रदेश मन्त्रालय र अन्य संस्था तथा समिति समेत २१५ निकायको रू. ४१ अर्व १७ करोड ५४ लाख ९६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । जसमा रू. ८० करोड १६ लाख ८२ हजार बेरुजु कायम भएको छ, जुन लेखापरीक्षण अङ्कको १.९५ प्रतिशत हुन्छ ।

(रकम रु. हजारमा)

| क्र.सं. | लेखापरीक्षण गरिएका निकाय | संख्या | लेखापरीक्षण अङ्क | बेरुजु अङ्क | बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|
| १. | प्रदेश मन्त्रालय तथा निकाय | १९५ | ३७२४८२९८ | ७००१८२ | १.८८ |
| २. | समिति तथा अन्य संस्था | २० | ३९२७१९८ | १०१५०० | २.५८ |
| | जम्मा | २१५ | ४११७५४९६ | ८०१६८२ | १.९५ |

४. **हालसम्मको बाँकी बेरुजु -** प्रदेश सरकारी कार्यलय र समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको अद्यावधिक बेरुजु रू.२ अर्व ६८ करोड ५५ लाख ४२ हजार रहेको छ । अद्यावधिक बेरुजु गत वर्ष भन्दा २५.२३ प्रतिशतले बढेको छ ।

(रकम रु. हजारमा)

| विवरण | विगतको बेरुजु | संपरीक्षण भएको बेरुजु | संपरीक्षणबाट थप बेरुजु | विगतको खुद बाँकी बेरुजु | चालु वर्षको थप बेरुजु | हालसम्मको बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|
| प्रदेश सरकारी निकाय तर्फ | २००९६०२ | २९३९७१ | ३७३३१ | १७५२९६२ | ७००१८२ | २४५३१४४ |
| समिति तथा अन्य संस्था तर्फ | १३४८६८ | ४००९ | ३९ | १३०८९८ | १०१५०० | २३२३९८ |
| जम्मा | २१४४४७० | २९७९८० | ३७३७० | १८८३८६० | ८०१६८२ | २६८५५४२ |

५. **बेरुजु विश्लेषण** - प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको बेरुजुको अवस्था निम्नानुसार रहेको छः

५.१. यो वर्ष प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थासमेतको रू. ४१ अर्ब १७ करोड ५४ लाख ९६ हजारको लेखापरीक्षण गर्दा प्रारम्भिक प्रतिवेदनबाट रू. ९४ करोड ६९ लाख ६१ हजार बेरुजु देखिएको छ । सोमध्ये प्रतिवेदन अवधिसम्म रू.१४ करोड ६१ लाख ३२ हजार (कुल बेरुजुको १५.४३ प्रतिशत) सम्परीक्षण गराउँदा रू. ८ लाख ५३ हजार थप बेरुजु कायम भई रू. ८० करोड १६ लाख ८२ हजार फस्यौंट हुन बाँकी रहेको छ ।

५.२. प्रदेश सरकारी मन्त्रालय तथा निकायहरूको बेरुजुको अवस्था निम्नानुसार छन्ः

(रू. हजारमा)

| क. सं. | मन्त्रालय | लेखापरीक्षण अङ्क (रू.हजारमा) | बेरुजु अङ्क (रू.हजारमा) | | | | कुल बेरुजुको प्रतिशत | ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की बाँकी | जम्मा | | |
| १ | गण्डकी प्रदेश सभा सचिवालय | १०६९८८ | ० | ० | ० | ० | ०.०० | ०.०० |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश | १३८४१५५ | ९७ | १०५७ | ० | ११५५ | ०.१६ | ०.०८ |
| ३ | आर्थिक मामिला मन्त्रालय, पोखरा | ९०४५३२८ | ० | ० | ० | ० | ०.०० | ०.०० |
| ४ | ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, पोखरा | ५६७०४६३ | ६६७० | १८९५५ | ४०४०६ | ६६०३१ | ९.४३ | १.१६ |
| ५ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १६५९३०४ | ४८४४ | ३१०४३ | ० | ३५८८७ | ५.१३ | २.१६ |
| ६ | कृषि तथा भुमि व्यवस्था मन्त्रालय | २५३६८४१ | १०४० | २१२३४ | ० | २२२७४ | ३.१८ | ०.८८ |
| ७ | भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात मन्त्रालय | ११०४६५५० | २०४७४१ | १८८९३३ | ६३८६१ | ४५७५३५ | ६५.३५ | ४.१४ |
| ८ | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | ५६७०६६२ | १८७१ | ९५६५१ | १९७२० | ११७२४२ | १६.७४ | २.०७ |
| ९ | प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश | ३०१५३ | ० | ५८ | ० | ५८ | ०.०१ | ०.१९ |
| १० | प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश | ८६७२७ | ० | ० | ० | ० | ०.०० | ०.०० |
| ११ | मुख्य न्यायाधिवक्ताको कार्यालय, गण्डकी प्रदेश | ११५५६ | ० | ० | ० | ० | ०.०० | ०.०० |
| | जम्मा | ३७२४८७२७ | २१९२६३ | ३५६९३२ | १२३९८७ | ७००१८२ | १००.०० | १.८८ |

हजार थपसमेत यो वर्षको रू. ७० करोड १ लाख ८२ हजार बाँकी रहेको छ। समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका १८ निकायको रू. ११ करोड ५३ लाख १८ हजार बेरुजु देखिएकोमा ५ निकायको रू.१ करोड ४० लाख ६१ हजार बेरुजु प्रतिक्रियाबाट फस्यौंट तथा रू. २ लाख ४३ हजार थप भई यो वर्षको रू. १० करोड १५ लाख बाँकी रहेको छ । कानुन बमोजिम बेरुजु असुल फस्यौंट गर्नुपर्दछ ।

८. **सम्परीक्षण** - गत वर्ष प्रदेशको सरकारी कार्यालय, समिति तथा अन्य संस्थातर्फको रू. २ अर्ब १४ करोड ४४ लाख ७० हजार बेरुजु रहेकोमा रू.२९ करोड ७९ लाख ८० हजार सम्परीक्षण भएको छ । उपरोक्त संपरीक्षण गर्दा रू.३ करोड ७३ लाख ७० हजार बेरुजु थप भई रू. १ अर्ब ८८ करोड ३८ लाख ६० हजार बेरुजु बाँकी रहेको छ ।

उल्लिखित कार्यालयतर्फ लेखापरीक्षण अङ्कको तुलनामा १.८८ प्रतिशत बेरुजु कायम भएकोमा सबै भन्दा बढी भौतिक पूर्वाधार विकास मन्त्रालयको ६५.३५ प्रतिशत रहेको छ भने ७ मन्त्रालय तथा निकायको बेरुजु १ प्रतिशत भन्दा कम रहेको छ ।

५.३. यो वर्ष प्रदेश मातहतका १९५ सरकारी कार्यालयको लेखापरीक्षण गरेकोमा १०९ कार्यालयमा लगती बेरुजु देखिएको छैन । समिति तथा अन्य संस्था २० मध्ये १ निकायमा लगती बेरुजु देखिएको छैन ।

५.४. यो वर्ष प्रदेश मातहतका सरकारी कार्यालय १३० को १ हजार ८६९ दफा बेरुजु देखिएकोमा ६८ दफा फस्र्यौट भई १ हजार ८०१ दफा बेरुजु कायम भएको छ । सो मध्ये सैद्धान्तिक दफा १ हजार २३७ र लगती दफा ५६४ कायम भएको छ । साथै समिति तथा अन्य संस्थातर्फ १८ को ३९१ दफा बेरुजु देखिएकोमा ३८ दफा फस्र्यौट भई ३५३ दफा बेरुजु कायम भएको छ । सो मध्ये सैद्धान्तिक दफा १८२ र लगती दफा १७१ कायम भएको छ ।

५.५. सरकारी कार्यालय र समिति तथा अन्य संस्था समेतको लेखापरीक्षणबाट असुली गर्नुपर्ने देखिएको मध्ये लेखापरीक्षणको क्रममा रू.३२ लाख २५ हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रू.४ लाख ९१ हजार र सम्परीक्षणको क्रममा रू.३ करोड ५७ लाख १२ हजार असुल भएको छ ।

५.६. प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको ६ वर्षको लेखापरीक्षण अङ्क र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रकम रू. हजारमा)

| प्रतिवेदन | आर्थिक वर्ष | लेखापरीक्षण अङ्क | बेरुजु अङ्क | प्रतिशत | पेश्की बाहेकको बेरुजु | पेश्की बाहेकको बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|---|
| पहिलो २०७५ | २०७४।७५ | २९६३७७ | ५४० | ०.१८ | ८८ | ०.०३ |
| दोस्रो २०७७ | २०७५।७६ | २३८९२७४३ | १६४४७४५ | ६.८८ | ५२०३५८ | २.१८ |
| तेस्रो २०७८ | २०७६।७७ | ३०७४६९०७ | ६०४१०० | १.९६ | ४५८४०३ | १.४९ |
| चौथो २०७९ | २०७७।७८ | ४०५५५४०९ | ५१५४४८ | १.२७ | ४३३२०४ | १.०७ |
| पाँचौं २०७९ | २०७८।७९ | ३९९०९२८६ | ४९३५५७ | १.२४ | ४०५७३७ | १.०२ |
| छैटौं २०८१ | २०७९।८० | ४११७५४९६ | ८०१६८२ | १.९५ | ६७७५७९ | १.६५ |

## लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति

६. **प्रतिवेदन कार्यान्वयन** - लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेश गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेश गर्ने व्यवस्था छ । महालेखापरीक्षकले गत वर्षसम्म प्रदेशका ५ वटा प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गरेको भएतापनि प्रदेश सभाको सार्वजनिक लेखा समितिमा दफावार छलफल भएको देखिएन । महालेखापरीक्षकको वार्षिक प्रतिवेदन सार्वजनिक लेखा समितिमा यथासक्य छिटो छलफल गराई टुंग्याउनुपर्दछ ।

७. **बेरुजु फस्र्यौट** - यो वर्ष प्रदेशको सरकारी कारोबारतर्फ १९५ कार्यालयको लेखापरीक्षण भएकोमा ८७ कार्यालयको रू. ८३ करोड १६ लाख ४३ हजार बेरुजु देखिएकोमा २१ कार्यालयको प्रमाण तथा प्रतिक्रिया पेश भई रू.१३ करोड २० लाख ७१ हजार फस्र्यौट तथा प्रतिक्रियाबाट रू.६ लाख १०